महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

रोङ गाउँपालिका

इलाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

रोङ गाउँपालिका

इलाम



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

रोङ गाउँपालिका

इलाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीवेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ९२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
इलाम ।

कैफियतसहितको राय

हामीले रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ५० लाख ४८ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.१२ लाख ५८ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ६४ लाख ३४ हजार र नियमित गर्नुपर्ने रु.६९ लाख १८ हजार र पेश्की रु.२ लाख २० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१२ करोड १० लाख १० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१६ करोड ४८ लाख रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

रोङ गाउँपालिका, इलाम

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२३	७५	४५०४८	०	९	१२५८	२३	६६	४३७९०	२१८	६९१८	३६४३४	०	०	४३३५२	२२०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	२५	कर समायोजन पेश	५७०७०
२	२७	कर समायोजन पेश	५७०९६
३	३२	सेनेटरी भेन्डिङ मेसिन प्रमाण पेश	४९८८३८.५०
४	४३	बढी भुक्तानी भएको प्रमाण पेश	३३८९२
५	४७	कर समायोजन पेश	२७९९३६.२०
६	५२	प्रमाण पेश	१५८५९१.०४
७	५५	बढी भुक्तानी असुल गरी प्रमाण पेश	११३६००
८	५६	प्रमाण पेश	५९१६५
		जम्मा रु.	१२५८१८८.७४

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इलाम	१२१०१०	०	०	१२१०१०	०	४३७९०	१६४८००

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : रोङ गाउँपालिका, इलाम,

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिपेन्द्र दाहाल	२०७८-८-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	इन्द्र प्रसाद पोखेल	२०७७-१२-२२	हाल सम्म कार्यरत
		बेरुजु रकम	४३,७९०,०९६.४७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,३७,०९,१०१.६४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३६,६४,४३,५००	**चालु खर्च**	२७,८९,१४,७८३.४६
प्रदेश सरकारबाट अनुदान	२,४४,५१,०००	**पूँजीगत खर्च**	१९,५२,९७,५८०
राजश्व बाँडफाँट	६,८८,४३,३९४.९८	**वित्तीय/अन्य व्यवस्था**	१४,७२,७०,०७१.५५
आन्तरिक आय	७५,५०,१२२.६८		
अन्य आय	१२,२९,९०,७१५.३९		
कुल आय	५९,०२,७८,७३३.०५	**कुल खर्च**	६२,१४,८२,४३५.०१
बाँकी मौज्दात		७,२५,०५,३९९.६८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			उल्लेखित कारोबारको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्वपत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणसमेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्र्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न अनुसार छनः	
२			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रोङ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १२९.१ वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ०१४ जनसंख्या रहेको छ ।	
३			**लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणबाट औल्याएपछि विद्यालय शिक्षकको बढी तलब निकासा दिएको रु.३१००७/- संचित कोष दाखिला तथा सामाजिक सुरक्षा वितरण नभई बाँकी रहेको रु.४५६६०३/- फिर्ता दाखिला भएको छ ।	
४			**वित्तिय विवरणः** आर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचितकोष आय -व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः गाउँपालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक लेखामान (NEPSAS) बमोजिमका फारमहरु सहितको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार गाउँपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४६,०२,४५,०००	४२,००,७८,८२२.३९		४२,००,७८,८२२.३९	३९,८२,२७,१८९.४६		३९,८२,२७,१८९.४६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४५,९६,९५,०००	४१,६५,७५,९८२	०	४१,६५,७५,९८२	३७,८८,९३,७२६.६३	०	३७,८८,९३,७२६.६३
११००० कर	११	८,०१,०५,०००	७,०२,०८,९०१.९८	०	७,०२,०८,९०१.९८	६,०६,९२,८३४.८२	०	६,०६,९२,८३४.८२
१३००० अनुदान		३६,६०,९०,०००	३४,०४,७८,२८७.४५	०	३४,०४,७८,२८७.४५	३१,१०,३८,०२५.५०	०	३१,१०,३८,०२५.५०
संघीय सरकार	१२	३४,१५,९०,०००	३१,७४,७६,३०१.४५	०	३१,७४,७६,३०१.४५	२८,९९,१३,०००	०	२८,९९,१३,०००
प्रदेश सरकार	१२	२,४५,००,०००	२,३०,०१,९८६	०	२,३०,०१,९८६	२,०७,२८,०००	०	२,०७,२८,०००
अन्तरिक श्रोत		०	०	०	०	३,९७,०२५.५०	०	३,९७,०२५.५०
१४००० अन्य राजस्व		१,३५,००,०००	५८,८८,७९२.५७	०	५८,८८,७९२.५७	७१,६२,८६६.३१	०	७१,६२,८६६.३१
ख. अन्य प्राप्ति		५,५०,०००	३५,०२,८४०.३९		३५,०२,८४०.३९	१,९३,३३,४६२.८३		१,९३,३३,४६२.८३
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		५,५०,०००	५,००,०००	०	५,००,०००	१,५६,७०,५११	०	१,५६,७०,५११
धरौटी		०	३०,०२,८४०.३९	०	३०,०२,८४०.३९	३६,६२,९५१.८३	०	३६,६२,९५१.८३
संघीय, प्रदेश सरकार वा		०	०	०	०	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अन्य कार्यक्रम								
भुक्तानी (ग+घ)		५५,९३,०४,१८६.८९	४८,०५,०६,५०८.१४		४८,०५,०६,५०८.१४	३८,८१,४८,२५१.५४		३८,८१,४८,२५१.५४
ग. भुक्तानी (सञ्चित कोषबाट)		५५,८७,५४,१८६.८९	४७,७६,६६,०७६.१४		४७,७६,६६,०७६.१४	३८,१४,९३,६३७.२३		३८,१४,९३,६३७.२३
२१००० पारिश्रमिक / सुविधा	१८	१७,३१,६३,०००	१५,२५,८९,५९०	०	१५,२५,८९,५९०	१०,८८,८९,०८९.८०	०	१०,८८,८९,०८९.८०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	८,९५,५२,४००	७,०१,८९,६२५.८१	०	७,०१,८९,६२५.८१	८,९९,२६,०२०.१८	०	८,९९,२६,०२०.१८
२३००० स्थिर सम्पत्तिको उपभोग खर्च	१८	९,४६,०००	९,४६,०००	०	९,४६,०००	०	०	०
२५००० सहायता (Subsidy)	१८	१,७०,०००	१,६८,७५०	०	१,६८,७५०	०	०	०
२६००० अनुदान	१८	०	०	०	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	३,०१,९२,५००	२,४९,१८,५५४.४९	०	२,४९,१८,५५४.४९	९,४८,८००	०	९,४८,८००
२८००० अन्य खर्च	१८	३,३०,४८,६२०.०६	३,१९,५०,८२०.१६	०	३,१९,५०,८२०.१६	२,३१,२१,९४९.८८	०	२,३१,२१,९४९.८८
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२३,१६,८१,६६६.८३	१९,६९,०२,७३५.६८	०	१९,६९,०२,७३५.६८	१५,८६,०७,७७७.३७	०	१५,८६,०७,७७७.३७
घ. अन्य भूक्तानी		५,५०,०००	२८,४०,४३२		२८,४०,४३२	३८,८१,४८,२५१.५४		३८,८१,४८,२५१.५४
कोषहरु		५,५०,०००	४,९०,०००	०	४,९०,०००	४७,७८,४३६.९२	०	४७,७८,४३६.९२
धरौटी		०	२३,५८,९७६	०	२३,५८,९७६	१८,७६,१७७.३९	०	१८,७६,१७७.३९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>-८,५४४</td><td></td><td>-८,५४४</td><td></td><td></td><td></td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(९,९०,५९,१८६.८९)</td><td>(६,०४,२७,६८५.७५)</td><td></td><td>(६,०४,२७,६८५.७५)</td><td>१,००,७८,९३७.९२</td><td></td><td>१,००,७८,९३७.९२</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>१०,३७,०९,१०१.६४</td><td></td><td>१०,३७,०९,१०१.६४</td><td>६,९३,४७,९१७.४७</td><td></td><td>६,९३,४७,९१७.४७</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(९,९०,५९,१८६.८९)</td><td>४,३२,८१,४१५.८९</td><td></td><td>४,३२,८१,४१५.८९</td><td>७,९४,२६,८५५.३९</td><td></td><td>७,९४,२६,८५५.३९</td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>४,३२,८१,४१५.८९</td><td></td><td>४,३२,८१,४१५.८९</td><td>९,१८,७१,७९५.८९</td><td></td><td>९,१८,७१,७९५.८९</td></tr>
</table>
स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धि व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त रकम सुत्रमा समावेश गरेको छैन । तसर्थ सुत्रबाट प्राप्त वित्तिय विवरणमा पालिकाको सम्पूर्ण प्रसी र भुक्तानी समावेश नभएकोले पालिकाले पेश गरेको आय- व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ले मिति</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७८।३।१४ गते रु.४५ करोड ७३ लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।३२ मा प्रमुख प्रशासकीय अधकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । तोकिएको समय भित्र बजेट पेश तथा पारित गरी खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ ।	
६			**संचितकोष फिर्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानिय संचित कोषमा स्वतः जम्मा (ट्रान्सफर) हुने उल्लेख छ । यस पालिकाले चालु खर्च खातामा वर्षान्तमा बाँकी रहेको रकम रु. १२६४८०२।९४ र पूँजिगत खर्च खातामा बाँकी रहेको रकम रु.१८७१५३६।३२ मिति २०७९।४।९ मा स्थानिय संचितकोषमा फिर्ता गरेको देखियो । ऐनको व्यवस्था बमोजिम आर्थिक वर्षको अन्तिम दिन भित्र खर्च खातामा बाँकि रहेको रकम संचितकोष फिर्ता गर्नुपर्दछ ।	
७			**सशर्त रकम फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा खर्च नभई बाँकी रहेको अनुदान रकम मध्ये संघीय शसर्त तर्फको रु.२,३४,७४,२०६।५५ र प्रदेश सरकार शर्तको रु.१४,४९,०१४।- मिति २०७९।४।८ मा फिर्ता गरेको देखियो । निकासा प्राप्त रकम मध्ये खर्च नभइ बाँकी रहेको रकम वर्षान्तमा फिर्ता हुनु पर्दछ ।	
८			**बैंक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण आर्थिक वर्षको अन्तिम मौज्दात फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी संचितकोषको हिसाब अद्यावधिक राख्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याणकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन,कानुन,कार्यविधिको वनाएको देखिएन। कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
१०			**अन्तर सरकारी रकमः** स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धि व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त रकम सुत्रमा समावेश गरेको छैन । तसर्थ सुत्रबाट प्राप्त वित्तिय विवरणमा पालिकाको सम्पूर्ण प्रसी र भुक्तानी समावेश नभएकोले पालिकाले पेश गरेको आय- व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था देखिएन ।	
११			**आर्थिक सहायताः** उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्वन्धि मापदण्ड, २०७७ निर्देशिकाको वुँदा नं. ३ मा जघन्य प्रकृतीका अपराधिक घटना, विष्फोटन र हिंसात्मक आक्रमणमा परी गम्भिर घाईते भएका विरामीलाई उपचार खर्च, मृत्यु भएका व्यक्ति, परिवार तथा आर्थिक रुपले विपन्न व्यक्तिलाई आर्थिक सहायता उपलव्ध गराउन सकिने कुरा उल्लेख छ। यस पालिकाले विविध सहायता शिर्षकवाट विभिन्न सहायता वापत रु. १६३४५७। रकम ३५ जनालाई आर्थिक सहयोग गरेको देखिन्छ। साथै पालिकाले यस्तो सहयोग सम्वन्धि कार्यविधि नवानाई पटके निर्णयको आधारमा उपलब्ध गराएको छ। गाउँपालिकाले उपलब्ध गराउने आर्थिक सहयोगलाई व्यवस्थित र एकरुपता बनाउन गाउँसभावाट कार्यविधि पारित गरि सो अनुरुप सहयोग उपलब्ध गराउनु पर्दछ।	
१२			**कानुन र संचालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, १७ कार्यविधि, ३ निर्देशिका समेत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।	
१३			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छनः • स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन, • पालिकाले कन्टिन्जेन्सी खाता राखेको पाईएन, • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक,रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन, • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन, • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन, • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिलकाले म.ले.प. फारम नं. ९०८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीको भ्रमण अभिलेख खाता राखेको पाईएन, • म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक नभएको, • म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन, • निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन, • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन, • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन, • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन, • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गराई सेवा प्रवाह प्रभावकारी, विश्वसनीय र सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१४			**न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन उजुरी बाँकी नरहेको र यो बर्ष कूल २९ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई १२ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१५			**धरौटीः**	
१५.१			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य कार्यको खरिद कार्यको भुक्तानी	२,०६७,९७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्दा कट्टा गरेको रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्नेछ भन्ने उल्लेख छ । गाउँपालिकाले देहायको धरौटी फिर्ता दिँदा कर विवरण पेश गरेको प्रमाण कागजात नलिई धरौटी फिर्ता गरेको देखियो । पालिकाबाट भुक्तानी लिएको कर समायोजन पत्र पेश हुनुपर्ने रु.	

गो.भौ.नं. र मिति	धरौटी फिर्ता लिनेको नाम	पान नं.	रकम
४-२०७८।०४।१८	माई भगवती कन्स्ट्रक्सन	६०६८५३९७२	३,०२,०००।-
५-२०७८।०५।०९	प्रगतिशिल निर्माण सेवा	३०१९२९७०३	१९,३६२।-
६-२०७८।०५।१३	वि एण्ड वि इन्टरप्राईजेज प्रा.लि.		१६,०००।-
७-२०७८।०५।१७	खनाल निर्माण सेवा	३००२१९७२२	५७,५३८।-
८-२०७८।०६।०७	मनोकामना निर्माण सेवा	६०१४४६६१४	१,१३,८३०।-
९-२०७८।०६।२२	मल्टी प्रोसेस इलेक्ट्रोनिक्स प्रा.लि.	६०२२२८०७१	१३,८८९।-
१०-२०७८।०६।२२	सुरज कन्स्ट्रक्सन	६०४९१०४२८	७७,९६५।-
१२-२०७८।०६।२५	राजलवट सप्लायर्स ट्रेडर्स	३०१५६०४८१	६४,०४०।-
१३-२०७८।०७।०९	जलेश्वर निर्माण सेवा प्रा.लि.	६०३५८८१७४	२,४७,३१५।-
१८-२०७८।१०।१७	माई भगवती कन्स्ट्रक्सन	६०६८५३९७२	१,१५,४४५।-
१९-२०७८।१०।२७	ए.आर.वि. निर्माण सेवा	६०४९७१६२५	६५,३७९।-
२०-२०७८।११।१०	शान्ति निर्माण सेवा	३०४३६८१३४	२,३५,०८९।-
२२-२०७८।१२।१७	कार्की निर्माण सेवा	३००४११५३१	२०,९९२।-

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३-२०७८।१२।१७</td><td>विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>६०६५५८८८८</td><td>६४,२६०।-</td></tr>
<tr><td>२७-२०७८।१२।१७</td><td>विराट कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि.</td><td>६०६५५८८८८</td><td>५७,१४३।-</td></tr>
<tr><td>३५-२०७९।०१।११</td><td>रेड पान्डा अटी इलेक्ट्रिकल एण्ड पावर प्रा.लि.</td><td>६०३५८९५४०</td><td>५८,९००।-</td></tr>
<tr><td>३८-२०७९।०१।२१</td><td>भरत मेशीनरी पाटर्स</td><td>६००२८४७९८</td><td>१,२७,७५०।-</td></tr>
<tr><td>३९-२०७९।०२।१०</td><td>अधिकारी मेडिकल हल</td><td>३०३५४६०९०</td><td>४२,६५४।-</td></tr>
<tr><td>४०-२०७९।०२।३१</td><td>अप्सरा ट्रेड लिंक</td><td>३०५२६१२०७</td><td>३३,८००।-</td></tr>
<tr><td>४१-२०७९।०२।३१</td><td>माई भगवती कन्स्ट्रक्सन</td><td>६०६८५३९७२</td><td>१,६४,३४५।-</td></tr>
<tr><td>४३-२०७९।०३।०३</td><td>नेपाल प्लाष्टिक्स प्रा.लि.</td><td>३०००१६०९७</td><td>१,०५,२६०।-</td></tr>
<tr><td>४५-२०७९।०३।०८</td><td>मुक्तिनाथ इलेक्ट्रोनिक्स</td><td>६०७४८६६५६</td><td>२२,११३।-</td></tr>
<tr><td>४७-२०७९।०३।२१</td><td>मल्टी प्रोसेस इलेक्ट्रोनिक्स प्रा.लि.</td><td>६०२२२८०७१</td><td>२२,७५०।-</td></tr>
<tr><td>४९-२०७९।०३।२२</td><td>इलामेली निर्माण सेवा</td><td>६०८२९५४१५</td><td>२०,१५७।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०,६७,९७६।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ६६(२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानुनले तोकेको भएमा सोही अवधिभित्र र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिम कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आ.व.७८।७९ को सुरुमा धरौटी खातामा रु.६०,६०,९५६।९१ जिम्मेवारी सारेको देखियो । प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गरी धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।	
१६			**क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४४४४३६०९	३५५४८५३४	७.४४
सामाजिक क्षेत्र	२४७८४३९००	२१६५२९९४३	४५.३३
पूर्वाधार विकास क्षेत्र	१५०४०१०५७	१२५८६२४७९	२६.३५
वित्तीय व्यवस्थापन र सुशासन	७७४१०००	६३४२३०५	१.३३
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१०८३२४६२०	९३३८२८१३	१९.५४
जम्मा		४७७६६६०७४	

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४५.३३ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासनमा १.३३ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः	

क्र.सं.	विवरण	योजना सं.	रकम
१	रु १ लाख भन्दा कमको योजना	४१	२९ लाख ८० हजार
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	५९	१ करोड ६५ लाख ४५ हजार
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	६	५० लाख
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१५	३ करोड ८७ लाख
५	५० लाख भन्दा माथीका	१	२ करोड
	जम्मा	१२०	८ करोड ३२ लाख २५ हजार

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**स्थानिय योजनाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको पाइएन ।	
१९			**चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि तथा वितय उत्तरदायित्व नियमावली , २०७७ मा स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>शीर्षक</th><th>कुल खर्च</th><th>प्रथम चौमासिक खर्च</th><th>दोस्रो चौमासिक खर्च</th><th>तेस्रो चौमासिक खर्च</th><th>आषाढ महिनाको खर्च</th></tr>
<tr><td>संघिय सशर्त</td><td>६४३९६६८२/-</td><td>०</td><td>१४१३५६१४/-</td><td>५०२६१०६८/-</td><td>३५७८३५८९/-</td></tr>
<tr><td>प्रदेश सशर्त</td><td>६५००७०६/-</td><td>०</td><td>१८६४०००/-</td><td>४६३६७०६/-</td><td>२९४८८०६/-</td></tr>
<tr><td>गाउँपालिका पूँजिगत</td><td>१०८२७४५१४/-</td><td>२९२०२०१/-</td><td>२७७२०४९४/-</td><td>७७६३३८१९/-</td><td>३०९३७७७९/-</td></tr>
<tr><td>जम्मा</td><td>१७९१७१९०२/-</td><td>२९२०२०१/-</td><td>४३७२०१०८/-</td><td>१३२५३१५९३/-</td><td>६९६७०१७४/-</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१.६३</td><td>२४.४०</td><td>७३.९६</td><td>३८.८८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्कीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु. ९२,१५,४२८/- आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्यौंट नभई वांकी रहेको देखियो। पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>पेश्की रकम</th><th>म्याद नाघेको</th></tr>
<tr><td>८०१०३५०५१०१</td><td>२०७८।११।१८</td><td>युद्दनारायण प्रधान</td><td>बिमा तथा नवीकरण खर्च</td><td>१,२०,०००।-</td><td>१,२०,०००।-</td></tr>
<tr><td>८०१०३५०५१०१</td><td>२०७८।०९।०६</td><td>नमुना कन्स्ट्रक्सन प्रा.लि</td><td>प्रमुख प्रशासकिय भवन</td><td>४४,९७,७१४।-</td><td>-</td></tr>
<tr><td>८०१०३५०५१०१</td><td>२०७८।१०।०४</td><td>नमुना कन्स्ट्रक्सन प्रा.लि</td><td>प्रमुख प्रशासकिय भवन</td><td>४४,९७,७१४।-</td><td>-</td></tr>
</table></td><td>२२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>८०१०३५०५१०१</td><td>२०७९।०३।२५</td><td>सन्तोष लाप्चा</td><td>लालीगुराँस तथा जडिबुटी संरक्षण</td><td>१,००,०००।-</td><td>१,००,०००।-</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>९२,१५,४२८।-</td><td>२,२०,०००।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>संगठन तथा व्यवस्थापन सर्वेक्षणः
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गरी सोको आधारमा दरबन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने उल्लेख छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो को आधारमा दरबन्दी स्वीकृत र पदपूर्ति गरेको देखिएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>जिन्सी निरीक्षण प्रतिवेदनः
प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४७(१) मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत नियमित रुपमा अद्यावधिक गरी राख्नु पर्ने छ। त्यस्तो लगतको बार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले गत बर्षको मौज्दात चालु बर्षमा अ.ल्या. गर्ने, मौज्दात भिडान गर्ने तथा वास्तविक मूल्य खुलाउने, पाम्समा ईन्धन तथा तथा मर्मत अभिलेख राख्ने, गा.पा. को स्वामित्वमा रहेको जग्गा जमिनको अभिलेख राख्ने, जिन्सी सहायक खाता अद्यावधिक गर्ने, हस्तान्तरण भई आएका जिन्सी सामानहरुको एकिन गरी अभिलेख पाम्समा राख्ने लगायत जिन्सी निरीक्षण गरी सामानहरु मर्मत गर्नुपर्ने तथा लिलाम बिक्री गर्नु पर्ने अवस्था समेत जिन्सी निरीक्षण प्रतिवेदनमा खुलाई सो अनुरुप कारवाही अगाडी वढाउनु पर्नेमा सो गरेको पाईएन। अतः कार्यालयले जिन्सी सामानहरुको अध्यावधिक विवरण स्पष्ट रुपमा खुलाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२ मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आयको वर्गीकरण गरी साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने उल्लेख गरेको छ । पालिकाको आन्तरिक आय रु.७२५४२९९।५७ देखिएतापनिआन्तरिक आयको वडागत विवरण तथा शिर्षकगत आम्दानीको विवरण नदेखिएकोले एकिन गर्न सकिएन । ऐनमा भएको व्यवस्था बमोजिम पालिकाले शिर्षकगत आम्दानी देखिने गरी विवरण तयार गर्नुपर्दछ ।	
२४			**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारीबाट प्राप्त आयमा नियमानुसार कट्टा गर्न पाउने रकमहरु कट्टा गरी आउने आयमा नियमानुसार करकट्टा गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले विपद व्यवस्थापन अन्तर्गत कोभिड माहामारीको समयमा यस गाउँ पालिकामा कार्यरत मेडिकल अधिकृत सृजना न्यौपाने लाई मासिक पारिश्रमिक वापत रु. ४०३८०। का दरले पर्व खर्च सहित वार्षिक रु. ५२४९४०। कर छुट हुने रकम रु ४००००० र बाँकी रु १२४९४०। को १० प्रतिशतका दरले नपुग कर रु. १२४९४ असूल गर्ने रु.	१२,४९४
२५			**नन फाईलर** *.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.५७०७०।- सम्परीक्षण गरिएको ।)*	०
२६	६५	२०७८-६-२१	**गाडी भाडा भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ। पालिकाले गाडी भाडामा लिएको भनि रु. १२५००। खर्च लेखेको देखियो। उक्त सवारीसाधन कसले के कामको लागि प्रयोग गरेको हो साथै सवारी धनिसँग सम्झौता गरेको कागजात समेत नभएको हुँदा उक्त सवारीसाधन कार्यालयको प्रयोजनमा प्रयोग भएको भनि यकिन हुन सकेन । उक्त खर्च पुष्टाई हुने कागजात पेश	१२,५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्ने अन्यथा असूल गर्नुपर्ने रु. १२५००</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>मु.अ.कर समायोजन पेश नभएको:
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.५७०९६।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>पारिश्रमिक कर कट्टी नगरेको:
आयकर ऐन, २०५८ को दफा ८७ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका कर्मचारीको पारिश्रमिक भुक्तानीमा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा नगरेकोले उक्त रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>वार्षिक आय</th><th>घटाउन पाउने रकम</th><th>करयोग्य आय</th><th>कर रकम</th><th>दाखिला कर</th><th>घटी कर</th></tr>
<tr><td>श्री दिपेन्द्र दाहाल</td><td>६९४२६६।९०</td><td>५९०२१९।८०</td><td>१०४०४७।१०</td><td>१५३०९</td><td>५५२०</td><td>९७९०।-</td></tr>
<tr><td>श्री इन्द्र पोखेल</td><td>६७४९७१</td><td>५८९१८८</td><td>८५७८३</td><td>१२५७८</td><td>४६५८</td><td>७९२०।-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>१७७१०।-</td></tr>
</table></td><td>१७,७१०</td></tr>
<tr><td>२९</td><td>३२६</td><td>२०७८-१०-२४</td><td>जेष्ठ नागरिक सम्मान कार्यक्रम:
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। पालिकाले आ.ब. २०७८।७९ को स्विकृत प्रोत्साहन कार्यक्रम अनुसार ७० वर्ष माथिका ज्येष्ठ नागरिलाई न्यानो ब्लाङ्केट वितरण गर्ने कार्यक्रम अनुसार रु.१४९८१०८।८० को व्लाङ्केट गरेकोमा सिलबन्दी दरभाउपत्रबाट खरिद नगरी सोझै खरिद मार्फत तीन पटक खरिद गरेको देखिन्छ। यसरी पालिकाले कानुन विपरीत गरेको खर्च नियमित मान्न नसकिने रु.</td><td>१,४९८,१०८.८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**सामाजिक सुरक्षा भत्ताः**	
३०.१			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १८(३) मा भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्छ भन्ने उल्लेख छ । कार्यालयले सामाजिक सुरक्षा वितरण गर्न निकास दिएको रकम मध्ये वितरण नभई बाँकी रहेको रकम रु.४५६६०३/- लेखापरीक्षण बाट औंल्याएपछि मिति २०७९।६।५ मा संघीय संचितकोषमा फिर्ता दाखिला भएको छ । वितरण नभई बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा फिर्ता दाखिला गर्नुपर्दछ । <table><tr><td>बैंकको नाम</td><td>निकासा रकम</td><td>वितरण गरेको रकम</td><td>बाँकी रकम</td></tr><tr><td>ससकोशी डेभलपमेन्ट बैंक लि.</td><td>६६६६२६९९</td><td>६६५३३९०२</td><td>१२८७९७</td></tr><tr><td>प्राईम कमर्सियल बैंक लि.</td><td>१३०३४०२०</td><td>१२७०६२१४</td><td>३२७८०६</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>४५६६०३</td></tr></table>	
३०.२			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा सम्बन्धित लाभग्राहीको बैंङ्क खातामा जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि सामाजिक सुरक्षाको रकम २ वटा गोश्वारा भौचरबाट मेघा बैंक लि.मा रु. १५,९८०।- र २९,६४६।- गरि जम्मा रु. ४५,६२६।- बैंकलाई निकासा दिएकोमा उक्त रकम बैकले आम्दानी जनाएको बैंक स्टेटमेन्टबाट नदेखिएकोले सो रकम बैंकबाट फिर्ता लिई संघिय संचित कोषमा दाखिला हुनुपर्ने ।	४५,६२६
३१			**कोभिड प्रभावित नगद हस्तान्तरणः** कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार २७४ जनालाई रु.१०,०००।- का दरले रु.२७,४०,०००।- बजेट व्यवस्था भएकोमा सोही कार्यविधिको अनुसूचीको व्यवस्था बमोजिम निवेदन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पेश गरी वडाध्यक्षको सिफारिस, कार्यालयको मिति २०७८।११।२५ को निर्णय बमोजिम दावी विरोधको लागि सार्वजनिक सूचना टाँस गर्न र सूची सार्वजनिक गर्ने निर्णय तथा कोभिड पोजेटिभ को रिपोर्ट पेश भएको आधारमा वडा कार्यालयबाट सिफारिस भएका लाभग्राहीलाई कार्यपालिकाको मिति २०७८।०८।२१ को निर्णय अनुसार प्रत्येक लाभग्राहीको बैक खातामा रु.१०,०००।- का दरले १२७ जनालाई रु.१२,७०,०००।- खर्च लेखी भुक्तानी गरेको देखियो।	
३२			**सेनेटरी भेण्डिङ मेशिन खरिदः** .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.४९८८३८।५० सम्परीक्षण गरिएको ।)*	०
३३			**मूख्यमन्त्री ग्रामिण सडकः** मूख्यमन्त्री ग्रामिण सडक सुधार आयोजना (संचालन) नियमावली २०७६ बमोजिम पूर्वाधार विकास कार्यालय, झापा र यस गाँउपालिका विच भएको सम्झौतामा हर्कटे रोड रामभ्याङ सलकपुर सडककोलागि पूर्वाधार कार्यालयले तयार गरेको लागत अनुमानको २० प्रतिशत साझेदारी रकमको प्रतिवद्धता पत्र दिनुपर्ने र पछि कार्यको मूल्याङ्कनबाट आउने रकमको २० प्रतिशत रकम उपलब्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयले सम्झौता रकमको २० प्रतिशत रकम रु.१३८२०६५/- शुरुमै उपलब्ध गराएकोमा कार्य सम्पन्न पेश भएको देखिएन । भौतिक पूर्वाधरा कार्यालयले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन माग गरि वास्तविक कार्य सम्पन्नको २० प्रतिशत रकम भन्दा बढी भुक्तानी भएको रकम फिर्ता माँग गरि संचितकोषमा दाखिला गर्नुपर्ने रु.	१,३८२,०६५
३४			**खानेपानी विस्तारः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले निर्माणाधिन अवस्थामा रहेको मुख्य प्रशासनिक भवनको लागि ५७१६ मी खानेपानी पाईप खरिदगरी रु.४४२६४३/- भुक्तानी खर्च लेखेको देखियो । निर्माणाधिन अवस्थामा रहेको भवनकोलागि खानेपानी पाइप खरिदगरी भुक्तानी खर्चगर्नु औचित्यपूर्ण नदेखिएको रु.	४४२,६४३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**थप कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख छ । कार्यालयको मुख्य प्रशासनिक भवन निर्माण कार्यको ठेक्का सम्झौता भई कार्य संचालन रहेको अवस्थामा कार्य स्थलमा थप माटो कटिङ्गको आवश्यकता जनाई नियमानुसार भेरिएसन नगरी छुट्टै निर्माण व्यवसायीसँग सोझै सम्झौतागरी रु.४६३४४०/- भुक्तानी दिएको देखियो । निर्माण कार्यको ठेक्का सम्झौता भई कार्य संचालन रहेको अवस्थामा स्पष्ट कारण सहित नियमानुसार भेरिएन आदेश जारिगरी भवन निर्माणमा संलग्न निर्माण व्यवसायीमार्फत थप कार्य गराउनुपर्नेमा फरक निर्माण व्यवसायीसँग सोझै कार्य गराई दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.	४६३,४४१
३६			**खर्च पुष्टाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले प्रमुख प्रशासकिय भवनकालागि विद्युतपोल सार्ने तथा गाड्ने कार्य वापत रविन राईलाई रु.१००४०/- भुक्तानी दिएकोमा पोलको संख्या तथा प्रतिपोल गाड्ने/ सार्ने कार्यको दर खुल्ने प्रमाण समेत संलग्न राखेको देखिएन । खर्च पुष्टिहुने गरि सारेको/ गाडेको विद्युत पोलको विवरण तथा प्रति पोल सारेको/ गाडेको दर खुल्ने प्रमाण पेश गर्नुपर्ने रु.	१०,०४०
३७			**कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिदगरी रु.४७,८२,३३८/- भुक्तानी खर्च लेखेकोमा उक्त प्रयोग भएको देखिने प्राविधक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न छैन । खरिद गरेको सामान वितरण भरपाईको आधारमा खर्च जनाएकोले प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्ट्याई समेत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ रु.	४,७८२,३३८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>गो.भौ./ मिति</td><td>खरिद विवरण</td><td>परिमाण</td><td>भुक्तानी खर्च रकम</td></tr><tr><td>३३४-०७९।१।१५</td><td>विद्युत तार लगायत</td><td></td><td>४८४९११/-</td></tr><tr><td>५०८-०७९।०३।२४</td><td>खानेपानी पाइप खरिद</td><td>२२७२ मी</td><td>१४८९३७/-</td></tr><tr><td>४६७-०७९।०३।२०</td><td>खानेपानी पाइप खरिद</td><td>१५४२० मी</td><td>८७२८५०/-</td></tr><tr><td>५०४-०७९।३।२४</td><td>विद्युत विस्तार सामग्री</td><td></td><td>३२७५६३२/-</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>४७८२३३८/-</td></tr></table>	
३८			**विस्तृत आयोजना प्रतिवेदनः** १० शैय्या अस्पताल निर्माण कार्यको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न कार्यालय र स्ट्रिङ्ग इन्जिनियरिङ्ग प्रा. ली. विच भएको सम्झौतामा कुल सम्झौता रकम रु.९८०२७५/- को ७० प्रतिशत रकम ड्राफ्ट प्रतिवेदन पेश गरे पछी र बाँकी ३० प्रतिशत रकम अन्तिम प्रतिवेदन पेश तथा स्वीकृत भएपछि भुक्तानी हुने उल्लेख छ । कार्यालयले परामर्शदातालाई सम्झौता बमोजिमको पुरै रकम भुक्तानी दिएकोमा अन्तिम प्रतिवेदन पेश तथा स्वीकृत भएको देखिएन । अन्तिम प्रतिवेदन पेश तथा स्वीकृत नभई सम्झौता रकमको ३० प्रतिशत रकम रु.२९४०८३/- रोक्का नराखि भुक्तानि दिएकोले परामर्शदाताले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको प्रमाण पेश गर्नुपर्ने रु.	२९४,०८३
३९			**उपभोक्ता समितिलाई भुक्तानीः** जलबायु अनुकुलित वृहत्त खानेपानी आयोजना अन्तर्गत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलाम र श्री पंचकन्या खानेपानी आयोजना विच भएको सम्झौतामा आयोजनाको कुल लागत रु.६१९५८७९२।६९ मध्ये १० प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने उल्लेख छ । उपभोक्ता समितिले व्यहोर्ने १० प्रतिशत मध्ये १ प्रतिशत रकम रु.६१९५८७/९२ नगदमा योगदान गर्नुपर्ने रकम मध्ये रु.६०००००/- गाँउपालिकाले उपभोक्ता समितिलाई भुक्तानि दिएको देखियो । संघीय खानेपानी आयोजना र पंचकन्या खानेपानी आयोजना समिति विच भएको सम्झौतामा गाँउपालिकाको योगदान रहने गरी सम्झौता भएको	६००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नदेखिएकोले उपभोक्ता समितिको नगद योगदान रकम गाँउपालिकाले भुक्तानी दिनु नियम सम्मत नदेखिएको रु.	
४०			**उपभोक्ता समिति मार्फत खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले चेन्सो मेशिन खरिद कार्यकालागि उपभोक्ता समिति गठन तथा कार्य गराई रु.१,७२,६४४/- भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत खरिद कार्य गराई भुक्तानी दिएको नियमित नदेखिएको रु.	१७२,६४४
४१			**बढी भुक्तानीः** उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार श्रमदान वापतको रकम कट्टा गरेर उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्दछ । कार्यालयले सडक निर्माण कार्यकोलागि उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा २० प्रतिशत जनश्रमदान गर्नुपर्नेगरी सम्झौता गरेको देखियो । सिस्ने प्युरे सडक उपभोक्ता समितिसँग सम्झौतागरी रु.९१२६६३/७८ को कार्यसम्पन्न भएकोमा २० प्रतिशत श्रमदान वापत रु.१८२५३२/७६ कट्टा गरी रु.७३०१३१/- भुक्तानी दिनुपर्नेमा रु.७६००००/- भुक्तानी दिई रु.२९८६९/- बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.	२९,८६९
४२			**उपभोक्ता समितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्न निर्माण गर्न उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखिएकोले उपरोक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन । उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रु.	१,५१४,४८७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>उपभोक्ता समितको नाम</td><td>उ.स. ले निर्माण व्यवसायीलाई भुक्तानी दिएको रकम</td><td>उ.स.ले कार्यालयबाट भुक्तानी पाएको रकम</td></tr>
<tr><td>१</td><td>थामडाँडा जुरेभन्ज्याङ सडक उ स</td><td>६२४९५/-</td><td>५००००/-</td></tr>
<tr><td>२</td><td>चिसापानी रिङरोड सडक उ स</td><td>८२१५१०/-</td><td>७६००००/-</td></tr>
<tr><td>३</td><td>मसार सुनपानी सडक स्तरोन्नती उ स</td><td>५१३०२०/-</td><td>४७५०००/-</td></tr>
<tr><td>४</td><td>खर्वन गहिरी गाँउ सडक उ स</td><td>११७४६२/-</td><td>८५०००/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा भुक्तानी</td><td>१५१४४८७/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>बढी भुक्तानीः
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.३३८९२।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>बढी भुक्तानीः
उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार श्रमदान वापतको रकम कट्टा गरेर उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्दछ । कार्यालयले सडक निर्माण कार्यकोलागि उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा २० प्रतिशत जनश्रमदान गर्नुपर्नेगरी सम्झौता गरेको देखियो । सलकपुर पाटापुर दुधे कार्तिके सडक मर्मत उपभोक्ता समितिसँग सम्झौतागरी रु.८५१६५१/३० को कार्यसम्पन्न भएकोमा २० प्रतिशत श्रमदान वापत रु.१७०३३०/२६ कट्टा गरी रु.६८१३२१/- भुक्तानी दिनुपर्नेमा रु.६९२५००/- भुक्तानी दिई रु.१११७९/- बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.</td><td>११,१७९</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>स्थायी लेखा नम्बरः
सावजिनक खरद नियमावली,२०६४ को नियम १९ मा सावजिनक निकायले उपभोा सिमित वा लाभाही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>साना सिंचाईः
साझेदारी लगानी आयोजनमा खर्च गर्दा सम्झौतामा उल्लेखित अनुपात अनुसारको श्रोतबाट खर्च लेखु पर्दछ । साना सिंचाई कार्यक्रममा कुल लागतमा उपभोक्ता, स्थानिय सरकार, प्रदेश सरकार, संघीय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमशः १०, २०, २०, २० र ३० प्रतिशत रहेकोमा सम्झौता अनुसार गर्नुपर्ने खर्च अनुपात निम्नानुसार प्रदेश सरकार तथा स्वीस सरकार तर्फको न्यून खर्च गरी अन्य श्रोतबाट खर्च गरेको देखियो । श्रोतगत खर्च मिलान गरि प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क. सं.</th><th>खर्च विवरण</th><th>खर्च प्रतिशत</th><th>खर्च रकम</th><th>न्यून खर्च</th></tr>
<tr><td>१</td><td>आयोजनाको कुल लागत</td><td></td><td>२०३०३२२६।३९</td><td></td></tr>
<tr><td>२</td><td>उपभोक्ता समिति</td><td>१०.१</td><td>२१५४८६१.३६</td><td></td></tr>
<tr><td>३</td><td>संघीय सरकार</td><td>२०.८</td><td>४४५०८९०/-</td><td></td></tr>
<tr><td>४</td><td>प्रदेश सरकार</td><td>१५.९</td><td>३३९७०१०/-</td><td>८८२५९०/०७</td></tr>
<tr><td>५</td><td>स्थानिय तह</td><td>२५.६</td><td>५४८४५६०/-</td><td></td></tr>
<tr><td>६</td><td>स्वीस सरकार</td><td>२७.६</td><td>५९१०६७९/-</td><td>५०८७२१/११</td></tr>
<tr><td>७</td><td>हाल सम्मको जम्मा खर्च</td><td>१००</td><td>२१३९८०००/३६</td><td>१३९१३११।१८</td></tr>
</table></td><td>१,३९१,३११.१८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>
ननफाइलरः
मूल्य अभिवृध्दि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारणगरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न निर्माण व्यवसायीहरुलाई मूल्य अभिवृद्धि कर विल रकम भुक्तानी दिएकोमा आन्तरीक राजस्व विभागको वेवसाइटमा खोजि गर्दा उक्त व्यवसायीहरु मूल्य अभिवृध्दि कर नन फाइलर रहेको देखियो । निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृध्दि करको समायोजन प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण व्यवसायी</th><th>IPC no.</th><th>विल रकम</th><th>मू. अ. कर रकम</th><th>Non-filler मिति</th></tr>
<tr><td>४-०७७/७८</td><td>इलाम कन्सट्रक्सन (६००८३३०३९)</td><td>३</td><td>२०९२७३१/७३</td><td>२४०४६९/१४</td><td>२०७८ मंशिर</td></tr>
<tr><td></td><td></td><td>४</td><td>३४५४६६/२५</td><td>४४९१०/६१</td><td>२०७८ मंशिर</td></tr>
<tr><td>३-०७८/७९</td><td>इलाम कन्सट्रक्सन (६००८३३०३९)</td><td>१</td><td>१०९४७४०/-</td><td>१४२३१६/२०</td><td>२०७८ मंशिर</td></tr>
<tr><td>७-०७८/७९</td><td>इलाम कन्सट्रक्सन (६००८३३०३९)</td><td>१</td><td>३२५१८६/९६</td><td>४२२७४/३०</td><td>२०७८ मंशिर</td></tr>
<tr><td>२-०७८/७९</td><td>बाबरी निर्माण सेवा (६०७३७२८१२)</td><td>१ र २</td><td>३११०८१६/-</td><td>३५७५३६/५४</td><td>२०७८ पुस</td></tr>
<tr><td>१०-०७८/७९</td><td>प्रजुल विल्डर्स</td><td>१</td><td>८१७४४६/९०</td><td>१०६२६८/१०</td><td>२०७८ साउन</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>९३३७७४/८९</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. २७९१३६।२० सम्परीक्षण गरिएको।)
</td><td>९३३,७७४.८९</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
बढी पारिश्रमिकः
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप १.१.४.१ को १.२ ख बमोजिम विद्यालय सहायक कर्मचारीका लागि मासिक रु.१३५००।- दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने र अनुदान उपलब्ध गराउँदा बजेट
</td><td>६४३,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वक्तव्यमा उल्लेख भएबमोजिम नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिक रु.१५०००।- भन्दा कम हुन आउने रकम रु.१५००।- सम्बन्धित स्थानिय तहले व्यहोर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले न्यूनतम पारिश्रमिक भन्दा कम हुन आउने रकम व्यहोर्न नसकिने भनि निर्णय गरेको देखियो ।यसरी रकम व्यहोर्न नसकिने भनि निर्णय गरेता पनि देहायका विद्यालयहरुलाई न्यूनतम पारिश्रमिक भन्दा बढी रु.५५००।- का दरले १३ महिनाको ९ जनालाई रु.६४३५००।- बढी खर्च लेखेकोले थप व्ययभार परेको रु.	

सि.नं.	विद्यालयको नाम	विद्यालय सहायकको नाम	थप्नुपर्ने	भुक्तानी भएको	बढी रकम	बढी भुक्तानी
१	श्री शान्ती निकेतन मा.वि.	श्री हिमाल राई	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
२	श्री सरस्वती मा.वि.	श्री छिरिङ लाप्चा	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
३	श्री ज्ञानोदय आ.वि.	श्री राजकुमार प्रधान	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
४	श्री शशि मा.वि.	श्री अशोकमान राई	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
५	श्री उमामहेश्वर मा.वि.	श्री सौगात लिम्बु	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
६	श्री वहावन मा.वि.	श्री असिम खतिवडा	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
७	श्री कुवापानी मा.वि. जिर्मले	श्री रोशन राई	१,५००।-	७,०००।-	५५००।-	७१,५००।-
८	श्री मोतीराम मा.वि.	श्री राम तामाङ्ग	१,५००।-	७,०००।-	५५००।-	७१,५००।-
९	श्री लामिटार मा.वि.	श्री जिवन राई	१,५००।-	७,०००।-	५,५००।-	७१,५००।-
जम्मा						६,४३,५००।-

४९			**पुस्तकको वितरण भरपाईः** कार्यालयले पाठ्यक्रम भन्दा बाहेकका कक्षा १,४ र ६ को पुस्तक छपाई प्रत्येक कक्षाको १००० थान का दरले रु.१६०,१८५	४३८,२१०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र २०० का दरले खरिद गरि यो वर्ष रु.५७२८०० खर्च लेखेको छ । देहाएबमोजिमका पुस्तकहरु वितरण गरेको देखिएकोले बाँकी रहेको पुस्तक आवश्यकता भन्दा बढी खरिद गरेको देखिएकोले अनावश्यक रुपमा बढि पुस्तक खरिद गरेको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><td>कक्षा</td><td>छपाई गरेको थान</td><td>खरिद दर</td><td>वितरण गरेको थान</td><td>बाँकी थान</td><td>रकम</td></tr>
<tr><td>१</td><td>१०००</td><td>१६०</td><td>२१९</td><td>७८१</td><td>१२४९६०</td></tr>
<tr><td>४</td><td>१०००</td><td>१८५</td><td>१९०</td><td>८१०</td><td>१४९८५०</td></tr>
<tr><td>६</td><td>१०००</td><td>२००</td><td>१८३</td><td>८१७</td><td>१६३४००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४३८२१०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः
शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र,कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ७ मा विद्यालयहरुले भवन निर्माण, नयाँ कक्षा कोठा निर्माण,भवन मर्मत,शौचालय निर्माण लगायतका भौतिक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट समेत प्रमाणित गराई विद्यालय र स्थानीय तहमा एक/एक प्रति राख्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले देहायका विद्यालयहरुलाई भौतिक निर्माण कार्यको लागि रकम निकासा दिएकोमा वर्षान्तसम्ममा पनि कार्य सम्पन्न नभएकोले कार्यसम्पन्न गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td rowspan="2">विद्यालयको नाम</td><td rowspan="2"></td><td>भौ.नं.र मिति</td><td>भौ.नं.र मिति</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>१०२-०७९।०३।०५</td><td>१३७-०७९।०३।२४</td></tr>
<tr><td>श्री सरस्वती मा.वि. रोङ ६</td><td>४ कोठे भवन</td><td>२७,००,०००।-</td><td>९,००,०००।-</td><td>३६,००,०००।-</td></tr>
<tr><td>श्री सरस्वती मा.वि.रोङ ४</td><td>४ कोठे भवन</td><td>२७,००,०००।-</td><td>९,००,०००।-</td><td>३६,००,०००।-</td></tr>
</table></td><td>२५,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>श्री मोतिराम मा.वि.रोड ६</td><td>४ कोठे भवन</td><td>२७,००,०००।-</td><td>९,००,०००।-</td><td>३६,००,०००।-</td></tr>
<tr><td>श्री शशि मा.वि.</td><td>२ कोठे भवन</td><td>१३,५०,०००।-</td><td>४,५०,०००।-</td><td>१८,००,०००।-</td></tr>
<tr><td>श्री शंकर आ.वि.</td><td>२ कोठे भवन</td><td>१३,५०,०००।-</td><td>४,५०,०००।-</td><td>१८,००,०००।-</td></tr>
<tr><td rowspan="2"></td><td></td><td>भौ.नं.र मिति</td><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td></td><td>१३८-०७९।०३।२४</td></tr>
<tr><td>श्री शान्ती निकेतन मा.वि. रोड ३</td><td></td><td>६०,००,०००।-</td><td>-</td><td>६०,००,०००।-</td></tr>
<tr><td></td><td></td><td>भौ.नं.र मिति</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>२२८-०७८।१२।२४</td><td></td><td></td></tr>
<tr><td>श्री शान्ती निकेतन मा.वि.</td><td>नमुना विद्यालय</td><td>५०,००,०००।-</td><td>-</td><td>५०,००,०००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२,५४,००,०००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत खरिदः
सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ भन्ने उल्लेख छ । पालिकाले लागत साझेदारी अन्तर्गत सञ्चालित कार्यक्रममा निम्नानुसारका उपभोक्ता समिति मार्फत विउ विजन लगायतका सामग्री खरिद गरेक गरेको देखियो । उपभोक्ता समिति मार्फत सामग्रि खरिद गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.</td><td>१,१४४,६६३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>खरिद विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>बदामटार सामुदायिक कृषि समूह</td><td>मकैको बिउ खरिद</td><td>५,३९,३९३।-</td></tr>
<tr><td>२</td><td>रोङ मौरीपालन कृषि समूह</td><td>मौरीको घार खरिद</td><td>४,५७,४९५।-</td></tr>
<tr><td>३</td><td>अम्बिखोला चामेटार बेंसी जल उपभोक्ता संस्था</td><td>आलु लगायत तरकारी बिउ खरिद</td><td>५०,०००।-</td></tr>
<tr><td>४</td><td>झटारे जल उपभोक्ता संस्था</td><td>आलु लगायत तरकारी बिउ खरिद</td><td>४७,७७५।-</td></tr>
<tr><td>५</td><td>जुरे खोला हुँदै लाप्चा गाउँ जल उपभोक्ता संस्था</td><td>आलु लगायत तरकारी बिउ खरिद</td><td>५०,०००।-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११,४४,६६३।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>आनुपातिक कट्टीः
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१५८५९१।०४ सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>बढी खर्चः
कृषि तथा सेवाका एक गाउ एक प्राविधिक कर्मचारीहरुको पारिश्रमिकको आधा बजेट स्थानिय तह र आधा बजेट कृषि तथा पशुपन्छी विकास मन्त्रालयले व्यवस्थापन गर्ने नेपाल सरकार (सचिव स्तर) मिति २०७७।०२।२० मा निर्णय गरेको देखियो । उक्त निर्णय अनुसार ५ जना कर्मचारीको ६ महिनाको तलब भत्ता (आधा पर्व खर्च र आधा पोशाक खर्च समेत) रु.९५४८२५/- संघीय सरकार सशर्तबाट भुक्तानी खर्च गर्नुपर्नेमा रु.११०००००/- खर्च गरी रु.१४५१७५/- बढी खर्च गरेको देखियो । संघीय शशर्तबाट बढी भुक्तानी खर्च रकम संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.</td><td>१४५,१७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td>46</td><td>२०७९-३-२०</td><td>कर समायोजन प्रमाणः
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले पराल पकाउने ड्रम निर्माणको लागि फलामको पाता खरिद गरे वापत पाथिभरा मेटल ईन्जिनियरिङको मिति २०७९।०३।१७ मा जारी गरेको कर विजकको आधारमा भ्याट सहित रु.१,३०,०२३।- भुक्तानी गरेको देखियो तर कर विजकमा विजक नं. प्रिन्ट नभई हातले लेखेको देखियो । सो फर्मले उक्त कारोवार कर विवरणमा समावेश गरी मू.अ.कर समायोजन गरेको भनि विश्वस्त हुन सकिने आधार देखिएन । उक्त फर्मले पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१४,९५९</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बढी भुक्तानीः
.... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ११३६००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>आनुपातिक कट्टीः
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.५९१६५।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>पारिश्रमिक करः
आयकर ऐन, २०५८ को दफा ८७ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका कर्मचारीको पारिश्रमिक भुक्तानीमा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा नगरेकोले उक्त रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>वार्षिक आय</th><th>घटाउन पाउने रकम</th><th>करयोग्य आय</th><th>कर रकम</th><th>दाखिला कर</th><th>घटी कर</th></tr>
<tr><td>नरेन्द्र कुमार देव</td><td>७,४२,९६८।-</td><td>६,२९,०५०।-</td><td>१,१३,९१८।-</td><td>१७,२८३।६०</td><td>५,४४४।-</td><td>११,८३९।६०</td></tr>
</table></td><td>३३,०५३.२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नेत्र प्रसाद पोखेल</td><td>७,५८,१७२।-</td><td>५,९५,५८४।-</td><td>१,६२,५८८।-</td><td>२७,०१७।६०</td><td>५,८०४।-</td><td>२१,२१३।६०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>३३,०५३।२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>
बढी ग्रेड भुक्तानीः
कार्यालयले आ.व.०७८।७९ को तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय,इलाम बाट २०७८।१०।२९ मा पारित गराएको छ । देहायका कर्मचारीहरुलाई तलवी प्रतिवेदनमा स्वीकृत ग्रेड भन्दा बढी ग्रेड रकममा १०% संचयकोष थप गरी भुक्तानी गरेको देखियो । बढी भुक्तानी गरेको ग्रेड रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>पद</th><th>पारित ग्रेड संख्या</th><th>भुक्तानी भएको ग्रेड संख्या</th><th>बढी ग्रेड</th><th>रकम (पर्व खर्च समेत)</th></tr>
<tr><td>श्री नरेन्द्र कुमार देव</td><td>हे.अ.</td><td>२०७९ जेठ देखि १०</td><td>१०</td><td>१ (१२६७)</td><td>१५,२०४।-</td></tr>
<tr><td>श्री खगेन्द्र खतिवडा</td><td>अ.हे.ब</td><td>२०७८ फागुन देखि ७</td><td>८</td><td>२(१९०८)</td><td>२१,८४६।६०</td></tr>
<tr><td>श्री ममता दिवाली</td><td>अ.न.मि.</td><td>२०७९ बैशाख देखि ६</td><td>६</td><td>१ (९५४)</td><td>१०,३९८।६०</td></tr>
<tr><td>श्री ब्रह्म लाल राजवंशी</td><td>अ.हे.ब</td><td>२०७९ जेठ देखि ६</td><td>६</td><td>१ (९५४)</td><td>११,४४८।-</td></tr>
<tr><td>श्री मनमाया लेप्चा</td><td>अ.हे.ब</td><td>२०७८ चैत्र देखि ६</td><td>६</td><td>१ (९५४)</td><td>९,३४९।२०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६८,२४६।४०</td></tr>
</table>
</td><td>६८,२४६.४</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
प्रधानमन्त्री रोजगार कार्यक्रमः
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सामुदायिक भवन निर्माण, सडक मर्मत, पर्खाल निर्माण, नाली
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सरसफाई, पद मार्ग निर्माण जस्ता निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २९२ जनालाई औषतमा ६० दिन रोजगारी उपलब्ध गराई रु.१,०१,२०,३९०।६५ श्रमिकको पारिश्रमिकमा खर्च लेखेको देखियो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना हुने कार्य भएको देखिंदैन ।	
६०			सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा कार्यालयले सम्परीक्षणकोलागि अनुरोध गरेको छैन । नियमानुसार बाँकी बेरुजु असुल फछ्यौंटगरी सम्परीक्षण गर्नुपर्दछ ।	